(३) विनियम १३५ को उपविनियम (१) बमोजिम गठित मूल्याङ्कन समिति तथा उपविनियम (५) बमोजिम गठन भएको उपसमितिको बैठक भत्ता तथा खाजा खर्च गभर्नरले तोके बमोजिम हुनेछ ।

१३९. **बुझिलिएको निस्सा स्वरुप भरपाई दिनु पर्नेः** यस विनियमावली बमोजिम पूर्व योग्यताको प्रस्ताव, परामर्श सेवाको प्रस्ताव, बोलपत्र, दरभाउपत्रको लागि विभाग/कार्यालयले सूचना प्रकाशित गर्दा पेश हुन आएको पूर्व योग्यताको प्रस्ताव, परामर्श सेवाको प्रस्ताव, बोलपत्र, दरभाउपत्र बुझिलिएको निस्सा स्वरुप अनुसूची-५ बमोजिमको भरपाई दिनु पर्नेछ ।

१४०. **बोलपत्र वा दरभाउपत्र वा परामर्श सेवाको प्रस्ताव खोल्दा मुचुल्का गर्नु पर्नेः** यस विनियमावली बमोजिम विभाग/कार्यालयले सूचना प्रकाशित गर्दा पेश हुन आएको बोलपत्र वा दरभाउपत्र वा परामर्श सेवाको प्रस्ताव खोल्दा देहाय बमोजिमको मुचुल्का गर्नु पर्नेछः-

(क) द्वय खाम प्रणाली अन्तर्गत बोलपत्र वा दरभाउपत्र वा परामर्श सेवाको प्राविधिक/व्यापारिक प्रस्ताव खोल्दा अनुसूची-६ बमोजिम,

(ख) एक खाम प्रणाली अन्तर्गतको बोलपत्र वा दरभाउपत्र वा परामर्श सेवाको प्रस्ताव खोल्दा अनुसूची-७ बमोजिम ।

१४१. **बाधा अडकाउ फुकाउनेः** यस विनियमावली बमोजिम कार्य सम्पादन गर्दा कुनै बाधा अडकाउ परेमा त्यस्तो बाधा अडकाउ गभर्नरले फुकाउन सक्नेछ ।

१४२. **काठमाण्डौ उपत्यका वाहिरका कार्यालयहरुको सम्बन्धः** यस विनियमावलीमा अन्यथा व्यवस्था भएकोमा वाहेक यस विनियमावली बमोजिम बैंकको काठमाण्डौ उपत्यका वाहिरका कार्यालयहरुले आफ्नो अख्तियारी भन्दा बढी रकमको स्वीकृति लिनु पर्दा वा कुनै बाधा अडकाउ फुकाउनु पर्दा सामान्य सेवा विभागको प्रमुख मार्फत निकासा वा स्वीकृति लिनु पर्नेछ ।

१४३. **अनुसूचीमा हेरफेर वा थपघट :** गभर्नरले अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

१४४ . **खारेजी तथा बचाउ** : (१) नेपाल राष्ट्र बैंक खर्च व्यवस्था विनियमावली, २०६१ खारेज गरिएको छ ।

(२) उपविनियम (१) बमोजिम खारेज गरिएको विनियमावली बमोजिम भए गरेका काम कारवाही यसै विनियमावली बमोजिम भए गरेको मानिनेछ ।

